फक्ताङलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तापेथोक, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः २ संख्याः १ मितिः २०८०/०३/१०

## भाग-२

**कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम फक्ताङलुङ गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको नियम सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

कार्यपालिकाबाट स्वीकृत मिति २०८०/०३/०८

## फक्ताङलुङ गाउँपालिकाका कर्मचारीको तह बृद्धि सम्बन्धी कार्यविधी, २०८०

**प्रस्तावनाः**

कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० मा गरिएको तह बृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी फक्ताङलुङ गाउँपालिकाको कार्यपालिकाको मिति २०८०/०३/०४ गते बसेको बैठकले स्वीकृत गरि यो कार्यविधी बनाएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधीको नाम "कर्मचारीको तह बृद्धि सम्बन्धी कार्यविधी, २०८०" रहेको छ।

(२) यो कार्यविधी तुरुन्त लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,-

(क) "अध्यादेश" भन्नाले स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले सङ्घीय लोक सेवा आयोगबाट गाउँपालिकामा सिफारिस भई नियुक्ति भएका कर्मचारी, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारी, स्थानीय तह अन्य सेवामा कार्यरत कर्मचारी, प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई नियुक्ति भएका फक्ताङलुङ गाउँपालिका भित्रका विभिन्न शाखाका र निकायमा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले फक्ताङलुङ गाउँपालिका सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ।

(ङ) "कार्यपालिका" फक्ताङलुङ गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(च) "कार्यालय" भन्नाले नेपालको संविधान तथा प्रदेश कानून बमोजिम स्थापित गाउँपालिका अन्तर्गतका सचिवालय, प्रतिष्ठान, वडा कार्यालय, स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

३. क) कर्मचारीको तह बृद्धि र बढुवाका लागि ज्येष्ठताको गणना अध्यादेशको दफा २७ अनुसार गरिनेछ।

ख) स्थानीय सेवाको गठन सम्बन्धि ब्यबस्था अध्यादेशको परिच्छेद-२ बमोजिम हुनेछ।

४. **बढुवा र तह बृद्धि सम्बन्धी व्यवस्था:** १) यो कार्यविधी प्रारम्भ हुँदाका बखतमा चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीलाई पाँचौ तहको कम्प्युटर अपरेटर पदमा स्वतः बढुवा गरिनेछ। त्यसरी बढुवा गर्न एक तह माथिको पद स्वतः सृजना हुनेछ र बढुवा भएको पद र तह स्वत: खारेज हुनेछ र विविध सेवाका कर्मचारीहरूको बढुवा गर्दा प्रशासन सेवा विविध समूह कायम हुनेछ।

२) निजामती सेवा बाहेक अन्य सेवाबाट स्थानीय तहमा समान पदमा समायोजन भई आएका स्थायी कर्मचारी तथा सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई आएका कर्मचारी र समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा समान पदमा समायोजन भई यो



प्रमुख प्रशासकिय अधिकृत

अध्यादेश जारी हुँदाका बखतसम्म तह बृद्धि नभएका कर्मचारीहरुलाई एक पटकको लागि एक तह बृद्धि गरिनेछ।

३) उपदफा १) अनुसार बढुवा हुनका लागि तथा उपदफा २) बमोजिम तह बृद्धि हुनका लागि यो कार्यविधी प्रारम्भ हुन साथ कार्यालयले बढुवा र तह बृद्धि हुने कर्मचारीको लागि ७ सात दिने सूचना प्रकाशन गर्नेछ।

४) उपदफा १ बमोजिम बढुवा र तह बृद्धि हुने कर्मचारीले उपदफा ३) बमोजिम सूचना प्रकाशन भए पश्चात् देहायका कागजातहरु संलग्न गरी निवेदन पेश गर्नु पर्नेछ।

क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

ख) संघिय लोकसेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारीस भएको भए उक्त सिफारीस पत्र।

ग) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

५) उपदफा ४) बमोजिम पेश भएका निवेदन र कागजातको मूल्याङ्कन गर्न गाउँपालिकामा देहाय बमोजिमको समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) कार्यपालिकाले तोकेको एक महिला सहित २ जना बरीष्ठ कर्मचारी -सदस्य

६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृतस्तर सातौं तहको हकमा उपदफा (५) बमोजिमको समितिमा संयोजक र सदस्य सचिव मात्र रहने छन्।

७) क) नियमित रुपमा स्थानीय सेवामा कार्यरत कर्मचारीको तह बृद्धि गर्दा तह बृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो तीन बर्ष कार्य सम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह बृद्धि गरिनेछः-

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

| क्र.स. | हालको तह | तह बृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १ | पाँचौं | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा न्यूनतम प्रवीणता तहमा प्रमाण पत्र तह वा कक्षा १२ उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३ | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

ख) अध्यादेशको दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मुल्याङ्कन तथा ज्येष्ठता र कार्य सम्पादनद्वारा बढुवा हुने पदहरूमा वढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा सेवाकालिन तालिम लिएका र पछिल्लो तीन वर्षको कार्यसम्पमदन मूल्याङ्कनमा औषतमा कम्तिमा नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र विज्ञापन हुनु भन्दा अघिको असार मसान्त सम्म देहाय बमोजिमको न्युनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्ने छः-

| बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|
| | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| अधिकृत एघारौं | अधिकृत दशौं तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृत नवौं | अधिकृत आठौं तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |



नवीन तिवारी
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

| | | | |
|---|---|---|---|
| अधिकृत सातौं | अधिकृत छैटौं तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ वा सो सरह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| सहायक पाँचौं | सहायक चौथो तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा एस.ई.ई. वा सो सरह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा १ र २ बमोजिम बढुवा र तह बृद्धि भएका कर्मचारीको हकमा नियुक्ति भएको समयावधि १० वर्ष भन्दा बढि भई अध्यादेश तथा यो कार्यविधी जारी हुँदाका बखतसम्म तह बृद्धि नभएका कर्मचारीहरुलाई नियमित रुपमा हुने तहबृद्धिको उम्मेदवार भई तह बृद्धि हुन कुनै बाधा पर्ने छैन।

९) उपदफा (७) बमोजिम तह बृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ एक गते र श्रावण एक गतेबाट ज्येष्ठता कायम हुने गरी प्रमुख प्रशासकीय अधिकृतले तह बृद्धिको निर्णय गर्नु पर्नेछ। सो प्रयोजनको लागि कम्तीमा एक महिना वेभसाइट मार्फत सूचना प्रकाशन गर्नु पर्नेछ।

१०) तह बृद्धि सम्बन्धि अन्य व्यवस्था अध्यादेशको दफा २८ बमोजिम हुनेछ।

५. **<u>तह बृद्धि गर्न नहुने</u>**: यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ५ को उपदफा (१) बमोजिमको समितिले कर्मचारीलाई तह बृद्धिको लागि सिफारिस गर्न पाइने छैनः-

(क) नसिहतको सजाय पाएकोमा नसिहत पाएको मितिले एक बर्षसम्म,

(ख) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ग) तलब बृद्धि वा बढुवा रोक्का भएकोमा तलबबृद्धि रोक्का भएको अवधिभर

(घ) असाधारण विदामा बसेकोमा सो विदाको अवधिभर

(ङ) तहबृद्धि वा बढुवा रोक्का भएकोमा तहबृद्धि वा बढुवा रोक्का भएको अवधिभर

(च) अध्यादेशको दफा ४२ बमोजिम सेवा वा समुह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर।

नवीन ढकाल
प्रमुख प्रशासकिय अधिकृत

६. <u>**जानकारी दिनु पर्ने**</u>: (१) यस कार्यविधी बमोजिम गरेको बढुवा र तह बृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा, मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

७. <u>**बाधा अड्काउ फुकाउन सक्ने**</u>: यस कार्यविधीको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रदेश लोक सेवा आयोगको परामर्शमा कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

८. <u>**प्रचलित कानून बमोजिम हुने**</u>: यस कार्यविधीमा उल्लेख भएको विषयमा यसै निर्देशिका बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

[illegible]
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि १

दफा ४ को उपदफा ३ सँग सम्बन्धित

मिति:

### बढुवा तथा तह बृद्धि हुने कर्मचारीले निवेदन पेश गर्ने सम्बन्धी सूचना

स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा ८ को उपदफा १४ दफा र २९ अनुसार तथा **कर्मचारीको तह बृद्धि सम्बन्धी कार्यविधी, २०८० को दफा ४ को उपदफा १, २, ३ र ७ बमोजिम** बढुवा तथा तह बृद्धि हुने कर्मचारीहरुले सात दिन भित्र देहायका कागजातहरु संलग्न गरी यस कार्यालयमा निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

**पेश गर्नु पर्ने कागजातहरु**

क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

ख सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र

(ख) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(ग) दफा ४ को उपदफा ८) को खण्ड क) र ख) बमोजिम बढुवाका लागि पछिल्लो तीन बर्षको कार्यसम्पादन मूल्याङ्कनको औसत प्राप्त अंक (नब्बे प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने)



CamScanner

## अनुसूचि २

दफा ४ को उपदफा ४ सँग सम्बन्धित

**बढुवा तथा तह बृद्धि हुने कर्मचारीले पेश गर्ने निवेदनको ढाँचा**

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

फक्ताङलुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

तापेथोक, ताप्लेजुङ।

विषय: बढुवा/तह बृद्धिको निवेदन पेश गरेको।

तहाँ कार्यालयको मिति २० / / प्रकाशित बढुवा तथा तह बृद्धि हुने कर्मचारीले निवेदन पेश गर्ने सम्बन्धी सूचनानुसार देहायको विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु।

१. बढुवा/तह बृद्धि हुने कर्मचारीको नाम:

२. स्थायी ठेगाना

३. पद:

४. शुरु नियुक्ति मिति:

५. हालको पदमा बढुवा नियुक्ति मिति:

६. शैक्षिक योग्यता:

**पेश गरिएका कागजातहरु**

क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

ख) सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र

(ख) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(ग) पछिल्लो तीन बर्षको कार्यसम्पादन मूल्याङ्कनको औसत प्राप्त अंक (नब्बे प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने)

## अनुसूचि ३

## बढुवा तथा तह बृद्धि नियुक्तिको ढाँचा

मितिः

विषयः बढुवा/तह बृद्धि नियुक्ति।

श्री ............................ (कर्मचारी संकेत नं...........)

फक्ताङलुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

तापेथोक, ताप्लेजुङ।

यस कार्यालयको मिति २०  / /  को निर्णयानुसार स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा ८ को उपदफा ११/१६ बमोजिम तपाईलाई देहाय अनुसार बढुवा/ तहबृद्धि गरिएको छ।

बढुवा/ तहबृद्धि हुनु भएकोमा हार्दिक बधाई राष्ट्र सेवामा उच्च मनोबलका साथ कार्य सम्पादन गर्नु हुने अपेक्षा लिईएको छ।

| **हाल कार्यरत पदको विवरण** | **बढुवा/तह बृद्धि भएको पदको विवरण** |
|---|---|
| १. सेवाः | १. सेवाः |
| २. समूह/उपसमूहः | २. समूह/उपसमूहः |
| ३. पदः | ३. पदः |
| ४. तहः | ४. तहः |

**बोधार्थ**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।

श्री मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, विराटनगर.

श्री प्रदेश किताबखाना विराटनगर।

आज्ञाले

नवीन तेम्बे

प्रमुख प्रशासकीय अधिकृत

नवीन तेम्बे

प्रमुख प्रशासकीय अधिकृत